# सोलुखुम्बु बहुमुखी क्याम्पसद्वारा


सञ्चालित

# मेची-काली विश्व अभियान

## परिचय पुस्तिका


२०७५-२०८०

(सन् २०१८-२०२३)




मेची-काली विश्व अभियानमा सहभागी बनौं

सोलुखुम्बु बहुमुखी क्याम्पसको माध्यमद्वारा नेपाललाई विश्वमा चिनाऔं



**प्रथम सगरमाथा आरोही**
**विश्वविख्यात**
**स्वर्गीय सर एडमण्ड हिल्लारी**

सोलुखुम्बु बहुमुखी क्याम्पसका
संस्थापक




सोलुखुम्बु बहुमुखी क्याम्पसद्वारा सञ्चालित **'मेची-काली विश्व अभियान'** नेपाललाई विश्वमा चिनाउने र गरीब तथा जेहेन्दार विद्यार्थीहरूलाई खान, बस्न सहित निःशुल्क प्राविधिक तथा व्यवसायिक शिक्षा पढाउने अभियान भएकाले सबैलाई यस अभियानमा सहभागी भइदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

**आङरिता शेर्पा**
**अध्यक्ष**
**सोलुखुम्बु बहुमुखी क्याम्पस**
**क्याम्पस संचालक समिति**

# विषयसूची


| सि.नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| १. | क्याम्पस परिचय | १ |
| २. | मेची-काली विश्व अभियान सङ्क्षिप्त परिचय | २ |
| ३. | यस अभियानका उद्देश्यहरू | ३-५ |
| ४. | समय सीमा | ५ |
| ५. | आर्थिक व्यवस्थापन नीति | ५-६ |
| ६. | लक्ष्य | ७ |
| ७. | बजेट परिचालन | ७-८ |
| ८. | कक्षा सञ्चालन समय | ८ |
| ९. | चुनौतिहरू | ८ |

## १. क्याम्पस परिचय

सोलुखुम्बु बहुमुखी क्याम्पस विश्वको सर्वोच्च शिखर सगरमाथाको काखमा अवस्थित छ। यो क्याम्पस सोलुखुम्बु र छिमेकी जिल्लाका गरीबका छोराछोरीहरू (जो शहरमा गएर खर्च गरेर पढ्न सक्तैनन्) लाई घर आगनमै सरल खर्चमा गुणस्तरीय उच्च शिक्षा दिलाउँने पवित्र उद्देश्यका साथ प्रथम सगरमाथा आरोही मध्येका विश्वविख्यात सर एडमण्ड हिल्लारीज्यू र २०२७ सालका SLC Board First आङरिता शेर्पाज्यू (हाल संचालक समितिका अध्यक्ष) द्वारा स्थापित हिमालयन ट्रष्टको आर्थिक सहयोगमा बि.सं. २०५० सालमा स्थापना भएको हो। यो क्याम्पस सोलुखुम्बु जिल्लाको सदरमुकाम सल्लेरी बजारमा अवस्थित छ। समुन्द्र सतहदेखि २३०९ मिटर (७५७८ फिट) उचाईमा रहेको यस क्याम्पसमा निम्न कार्यक्रमहरू संचालित छन्।

### तपसिल

| सि. नं. | संचालित कार्यक्रम | सम्बन्धन दिने निकाय | सम्बन्धन मिति | संचालित विषय | कैफियत |
|---|---|---|---|---|---|
| १ | कक्षा ११ र १२ | सविक उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी | बि.स. २०५० | शिक्षा र व्यवस्थापन सङ्कायका विभिन्न विषयहरू | |
| २ | साविक ३ वर्षे हाल ४ वर्षे B.Ed. | त्रिभुवन विश्वविद्यालय | बि.स. २०५३ | शिक्षाशास्त्र सङ्कायका विभिन्न विषयहरू | |
| ३ | १ वर्षे B.Ed. | त्रिभुवन विश्वविद्यालय | बि.स. २०५७ | शिक्षाशास्त्र सङ्कायका विभिन्न विषयहरू | |
| ४ | ३ वर्षे B.A. | त्रिभुवन विश्वविद्यालय | बि.स. २०६६ | मानविकी सङ्कायका विभिन्न विषयहरू | |
| ५ | ४ वर्षे BBS | त्रिभुवन विश्वविद्यालय | बि.स. २०७० | व्यवस्थापन सङ्कायका विभिन्न विषयहरू | |
| ६ | M.Ed. | त्रिभुवन विश्वविद्यालय | बि.स. २०६२ | नेपाली, स्वास्थ्य र EPM (अंग्रेजी विषय थप गर्न माग गरिएको छ)। | |

यो क्याम्पस यसै वर्ष (बि.सं. २०७५ मा) २५ वर्ष पूरा भएकाले रजत महोत्सवका उपलक्ष्यमा मेची-काली विश्व अभियान (२०७५-२०८०) सुरु गरिएको हो। उक्त अभियानको सङ्क्षिप्त परिचय तल उल्लेख गरिएको छ।

## २. मेची-काली विश्व अभियान सङ्क्षिप्त परिचय

नेपाल पूर्वमा मेची नदी र पश्चिममा महाकाली नदीको अङ्गालोभित्र ७७ जिल्लामा फैलिएर रहेको छ । यस अभियानमा मेचीदेखि महाकालीसम्मका ७७ वटा जिल्लाका नागरिकहरूलाई सहभागी गराइने भएकोले मेची-काली र क्याम्पस २५ वर्ष पुगेको उपलक्ष्यमा विश्वका विभिन्न २५ राष्ट्रका नागरिकहरूलाई पनि सहभागी गराइने हुँदा यस अभियानको नाम मेची-काली विश्व अभियान राखिएको हो । यो अभियान विश्वमा नै पहिलो, नौलो, ऐतिहासिक र प्रयोगमूलक हुनेछ । यो अभियानले मेधावी तर आर्थिक रूपले कमजोर नेपालभरिका विद्यार्थीहरूलाई प्राविधिक तथा व्यवसायिक उच्च शिक्षा र विशेष गरी विदेशी र स्वदेशी विद्यार्थीहरूलाई स्नातक Bachelor of Travel, Tourism and Mountaineering Studies (BTTMS) र स्नातकोत्तर Masters of Travel, Tourism and Mountaineering Studies (MTTMS) का विषयहरू अध्ययन गर्ने अवसर प्रदान गर्ने छ । यो अभियान वि.सं. २०७५ देखि वि.सं. २०८० सम्म ५ वर्ष सञ्चालन गरिनेछ र त्यसैका जगमा सि.नं. ३ मा उल्लेखित उद्देश्यहरू सि.नं. ४ अनुसारको समय सीमाभित्र पूरा गरिने छ ।



## ३. यस अभियानका निम्न उद्देश्यहरू रहेकाछन्

१. ५ वर्षभित्र ५ लाख नागरिक, ५ हजार सरकारी तथा गैर सरकारी संघसंस्था, कार्यालयहरू र घटीमा विश्वका २५ राष्ट्रका नागरिकहरूलाई यस अभियानमा सहभागी गराइ विश्वको सबैभन्दा बढी जनसहभागितामा संचालित पब्लिक क्याम्पसको हैसियतमा Guiness World Records मा सोलुखुम्बु बहुमुखी क्याम्पसको नाम दर्ता गराउँने,

२. क्याम्पस २५ वर्ष पुगेको उपलक्ष्यमा २५ कोठा भएको AC जडित सुविधा सम्पन्न कक्षा कोठा र कार्यालय भवन निर्माण गर्ने,

३. हाल संचालन भैरहेका कार्यक्रमका अतिरिक्त SLC वा सो सरह उत्तीर्ण विद्यार्थीहरूका लागि निम्न कार्यक्रमहरू सम्बन्धित निकायबाट सम्बन्धन प्राप्त गरी थप गर्दै गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने,

A. Engineering मा
१) Civil Overseer
२) Architect Overseer /
३) Electrical Overseer
४) Computer Science

B. Medical Science मा
१) ANM
२) CMA
३) Staff Nurse
४) H.A
५) Lab Technician
६) Pharmacy
७) Radio Graphy

C. Agriculture मा
१) J.T.
२) JTA

D. Forestry

E. Hotel Management

F. Journalism

G. स्नातक र स्नातकोत्तर तहमा Travel, Tourism and Mountaineering विषयको पाठ्यक्रम निर्माण गरी Real Field मा Practical गराई गुणस्तरीय एवम् जीवन्त शिक्षा प्रदान गर्ने,

४. ५०० क्षमताको सुविधा सम्पन्न छात्रवास निर्माण गर्ने,
५. ५०० विद्यार्थीलाई खान मिल्ने सुविधा सम्पन्न क्याण्टिन बनाउने,
६. प्रत्येक वर्ष ७७ जिल्लाबाट गरीब तथा जेहेन्दार १ जना छात्र र १ जना छात्रा गरी ७७ x २= १५४ जना प्रथम वर्षमा र ३ वर्षे कार्यक्रमका लागि १५४ x ३ = ४६२ प्राविधिक तथा व्यवसायिक विषय र Travel, Tourism and Mountaineering Course का लागि विभिन्न २५ राष्ट्रका विद्यार्थीहरू २५ जना गरी ४८७ जना तथा अत्यन्तै पीछडिएका र माथि यसै बुँदामा समेटिन नसकेका अन्य १३ जना सहित ५०० जनालाई खान बस्न सहित निःशुल्क उच्च प्राविधिक शिक्षा प्रदान गर्ने,
७. आर्थिक अवस्था कमजोर भई उच्च प्राविधिक शिक्षाको मूल धारमा आउन नसकेका जेहेन्दार, जनजाति, दलित, गरीब, महिला र अपाङ्गलाई वार्षिक रु. ५,००,०००।- छात्रवृत्ति वितरण गरी उच्च प्राविधिक शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्ने,
८. दुर्गम जिल्लाका गरीब विद्यार्थीहरूलाई भर्नामा प्राथमिक्ता दिने,
९. E-library निर्माण र व्यवस्थापन गर्ने,
१०. पुस्तकको पुस्तकालय व्यवस्थित र समृद्ध बनाउने,
११. Professor Quarter निर्माण गर्ने,
१२. घटीमा २०० रोपनी जग्गा थप गर्ने,
१३. क्याम्पस कम्पाउण्ड वाल लगाउने,
१४. क्याम्पस हाताभित्र व्यवस्थित क्याण्टिनको व्यवस्था गर्ने,
१५. सुविधा सम्पन्न खेलमैदान निर्माण गर्ने,
१६. सोलुखुम्बु बहुमुखी क्याम्पसलाई सगरमाथा लगाएतका विभिन्न हिम श्रृङ्खलाहरू, हिमगर्भ हिमाली जडिबुटी र वनस्पतिहरू, हिमाली जीवजन्तुहरू, चराचुरुङ्गीहरू, हिमाली जनजीवनको र विभिन्न धर्म तथा संस्कृतिको अध्ययन अनुसन्धानको केन्द्रको रूपमा विकास गराउने,
१७. गुणस्तरीय विद्यालय शिक्षा पनि प्रदान गर्ने,
१८. भविष्यमा UGC बाट QAA प्राप्त गरी क्याम्पसलाई Travel, Tourism & Mountaineering Autonomy University (TTMAU) का रूपमा विकास गर्ने, (नोट : हाल क्याम्पस UGC बाट LOI स्वीकृत भई QAA Process मा अगाडि बढिरहेको व्यहोरा पनि अनुरोध छ ।)

१९. ५ वर्षको अभियानमा सहभागि हुने सबैको नाम ठेगाना र रकम उल्लेख गरी स्मारिका प्रकासन गर्ने र सहभागी सबैको नाम सि.नं. ५ मा उल्लेख भएको आर्थिक व्यवस्थापन नीति अनुसार क्याम्पसको इतिहासमा लेख्ने,

२०. सोलुखुम्बु बहुमुखी क्याम्पसको माध्ययमद्वारा नेपाललाई विश्वमा चिनाउने,

२१. स्नातक र स्नातकोत्तर तहमा Travel, Tourism and Mountaineering विषयको पढाइमा विदेशी विद्यार्थी समेतलाई समावेश गरिने हुँदा सोलुखुम्बु बहुमुखी क्याम्पस विश्वको शिक्षाको केन्द्रको रूपमा विकास गरी पर्यटन क्षेत्रमा समेत थप सुधारल्याई विदेशी मुद्राको आर्जनबाट देशलाई थोरै भए पनि आर्थिक टेवा पुऱ्याउने,

२२. ५ वर्षभित्रमा रु. १,००,००,००,०००।- एक अर्व रकम सङ्कलन गरी सो रकमको परिचालनबाट माथि उल्लेखित उद्देश्यहरू पूरा गर्ने ।

## ४. समय सीमा

A. ५ वर्ष भित्र पूरा गर्ने उद्देश्यहरू :

- ➢ उद्देश्य नं. १, १२, १३, १९, २०, २२

B. १० वर्षभित्र पूरा गर्ने उद्देश्यहरू :

- ➢ उद्देश्य नं. २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १४, १५, १६, १७, २१

C. १५ वर्षभित्र पूरा गर्ने उद्देश्यहरू :

- ➢ उद्देश्य नं. १८

## ५. आर्थिक व्यवस्थापन नीति

यस अभियानमा सहभागी हुनेहरूबाट निम्नानुसारको आर्थिक सहयोग लिइने छ र तल उल्लेख भए अनुसारको सम्मान गरिनुका साथै क्याम्पसको इतिहासमा नाम लेखिनेछ ।

१. रु. १००।- देखि रु. २,०००।- सम्म दिनेलाई क्याम्पसको Website मा नाम, ठेगाना र रकम उल्लेख गर्ने ।

२. रु.२,००१ देखि १०,०००।- सम्म दिनेलाई क्याम्पसको Website र स्मारिकामा नाम, ठेगाना र रकम उल्लेख गर्ने ।

३. रु.१०,००१ देखि १,००,०००।- सम्म दिनेलाई क्याम्पसको Website मा

नाम, ठेगाना, रकम र स्मारिकामा PP size को फोटो सहित नाम, ठेगाना र रकमका साथै शिलापत्र वा ताम्रपत्रमा नाम, ठेगाना र रकमका साथमा २५ कोठे भवनको १ कोठा फोटो Galary हुनेछ, त्यस Photo Galary मा Post Card Size को फोटो सहित नाम, ठेगाना र रकम उल्लेख गरी सजाएर राखिनेछ ।

४. रु.१,००,००० देखि १०,००,०००।- सम्म दिनेलाई क्याम्पसको Website मा नाम, ठेगाना र रकम उल्लेख हुनेछ भने स्मारिकाको आधा पेजमा फोटो र आधा पेजमा निजको परिचय र योगदानको चर्चा गरिनेछ, साथै शिलापत्र वा ताम्रपत्रमा नाम लेखी A4 size को फोटो Photo Galary मा, क्याम्पस प्रमुखको कोठामा र २५ कोठे भवनको मूल गेटमा गरी ३ ठाउँमा सजाएर राखिने छ ।

५. १०,००,०००।- भन्दा माथि दिनेलाई सि.नं. ५ को ४ मा उल्लेख भएका सबै सम्मानहरू उपलब्ध गराइ क्याम्पसको मानार्थ सदस्य दिइने छ ।

६. कसैले आफ्नो नाममा ४ वा सोभन्दा माथिका कोठा भएका भवन बनाउने इच्छा राखेमा सि.नं. ५ को ४ मा उल्लेख भएका सबै सम्मान उपलब्ध गराइकन उक्त भवनको नाम निजको नाममा राखिनेछ ।

७. २५ कोठ भवनभित्र १ कोठाको लागत दिई आफ्नो नाम राख्न चाहेमा सो कोठाको नाम निजको नामबाट राखिने छ र सि.नं. ५ को ४ मा उल्लेख भएको सम्मान गरिने छ ।

८. माथि सि.नं. ३ को १-२२ सम्म उल्लेख भएका उद्देश्य पूरा गर्न १०१ सदस्यीय "सोलुखुम्बु बहुमुखी क्याम्पस-मेची-काली विश्व अभियान" मूल समिति बनाइएको छ ।

९. विभिन्न जिल्ला र विभिन्न स्थानमा अभियानलाई प्रभावकारी रूपमा संचालन गर्न विभिन्न उप-समिति गठन गरिनेछ ।

१०. विश्वका विभिन्न देशमा हाम्रा प्रतिनिधिहरू मनोनयन गरी निजहरूको संयोजकत्वमा विभिन्न उपसमिति गठन गरी विदेशमा समेत अभियान प्रभावकारी रूपमा संचालन गरिने छ ।

## ६. लक्ष्य

क) १ करोड (१,००,००,०००।-) व्यक्तिले रु. १०० का दरले दिएमा रु. १ अर्व (१,००,००,००,०००।-) हुनेछ ।

ख) ५ लाख (५,००,०००) व्यक्तिले रु.२,०००। -का दरले दिएमा रु. १ अर्व (१,००,००,००,०००।-) हुनेछ ।

ग) हामीले ५ लाख व्यक्ति, ५ हजार कार्यालय र संघ संस्था साथै २५ राष्ट्रका नागरिकबाट उक्त १ अर्व पुग्ने लक्ष्य लिएका छौं ।

## ७. बजेट परिचालन नीति

१. माथि सि.नं. ५ को आर्थिक व्यवस्थापन नीति अनुसार सङ्कलन गरिएको रु. १ अर्व रकम कुनै पनि १२ % वा सो भन्दा माथि व्याज दिने बैंकमा अक्षय कोषको रूपमा राखिनेछ ।

२. सो रकमको आयकर कटाइ सालाखाला १०% व्याज सञ्चित हुनेछ ।

३. १ अर्वको १०% भनेको वार्षिक १० करोड व्याज प्राप्त हुनेछ ।

४. वार्षिक रूपमा प्राप्त हुने १० करोड व्याजले ४/५ वर्षभित्र सि.नं. ३ को १ देखि २२ सम्म उल्लेख भएका उद्देश्य पूरा गर्न पूर्वाधार निर्माण गरिनेछन् ।

५. पूर्वाधार निर्माण गरिसकेपछि ७७ जिल्ला र विदेशबाट छनोट भई निशुल्क पढ्न आउने ५००।- विद्यार्थीका लागि खाना खर्च प्रतिव्यक्ति मासिक रु. १०,०००।- का दरले वार्षिक रु. ६ करोड लाग्ने अनुमान गरिएको छ ।

६. छात्रवृत्ति पाउने ५०० विद्यार्थीका अतिरिक्त विभिन्न विषय र तहमा गरी सालाखाला ४ हजार ५०० विद्यार्थी अध्ययन गर्ने अनुमान गरिएको छ । छात्रवृत्ति पाउने ५०० विद्यार्थी बाहेक अरुले सशुल्क पढ्नेछन् ।

७. उल्लेखित सशुल्क पढ्ने विद्यार्थीहरूले तिरेको शुल्क बाहेक व्याज मध्येबाट १ करोड तलब भत्ता र अन्य खर्चमा थप्नु पर्ने अनुमान गरिएको छ ।

८. वार्षिक १० करोड प्राप्त व्याजमा ६ करोड क्याण्टिन खर्च, १ करोड तलब भत्ता र अन्य खर्चमा थप गरी सशुल्क पढ्ने विद्यार्थीहरूले तिरेको शुल्क वाहेक व्याजबाट मात्र वार्षिक ७ करोड खर्च हुने अनुमान गरिएको छ ।

९. पूर्वाधार निर्माण भैसकेपछि वार्षिक १ करोड मर्मत सम्भार र अन्य विविध खर्च हुने अनुमान गरिएको छ ।

१०. क्याण्टिन खर्च ६ करोड, तलब भत्ता र अन्य थप खर्चमा १ कारोड थप र मर्मत सम्भार र विविध खर्च १ करोड गरी प्राप्त शुल्क बाहेक व्याजबाट मात्र वार्षिक ८ कारोड खर्च हुने अनुमान गरिएको छ ।

११. १० करोड व्याजमा प्राप्त शुल्क बाहेक ८ करोड खर्च हुँदा वार्षिक २ करोड व्याज उभ्रने अनुमान गरिएको छ ।

१२. उक्त उभ्रेको २ करोड रकम सावाँमा थप्दै जाने र त्यसको व्याजले प्रत्येक वर्ष हुने मूल्य वृद्धिलाई समायोजन गर्दै लाने लक्ष्य राखिएको छ ।

## ८. कक्षा संचालन समय

१. सम्बन्धित निकायले तोकेको समयमा भर्ना र परीक्षा संचालन गरिनेछ ।

२. तर Travel, Tourism and Mountaineering विषयको प्रयोगात्मक परीक्षाका लागि भने पर्यटन Season off भएका बखत लुक्ला, नाम्चे, वेसक्याम्प र अन्य हिम श्रृङ्खलातर्फ विद्यार्थीहरूलाई लगिनेछ ।

३. जसले गर्दा Season मा विदेशी पर्यटकले लुक्ला, नाम्चे र वेसक्याम्प भरिनेछन् भने off Season मा प्रयोगात्मक परीक्षा दिन जाने र इन्टर्नसिप गर्ने विद्यार्थीहरू र शिक्षकले भरिने छन् । जसले गर्दा उक्त क्षेत्रमा बाह्रै महिना पर्यटन व्यवसाय संचालन भइरहनेछ ।

## ९. चुनौतिहरू

१. ५ लाख व्यक्ति ५ हजार कार्यालय र २५ राष्ट्रका नागरिकका सामु पुग्नु,

२. १०१ सदस्यलाई परिचालन गर्नु,

३. आर्थिक पारदर्शिता र अभिलेख चुस्त दुरुस्त राख्नु

४. विश्वव्यापी Monitoring गर्नु,

५. सबैलाई आत्मादेखि परिचालित हुन उत्प्रेरित गर्नु,

६. कार्यक्रमको विश्वव्यापी महत्व वोध गराउनु,

७. Phasewise Programme चलाउनु ।

**सबैको सहभागिता नै मेची-काली विश्व अभियानको सफलता हो ।**
**थप जानकारीका लागि क्याम्पसको Website:www.solucampus.edu.np**
**र क्याम्पसको Facebook: Solukhumbu Multiple Campus हेर्नुहोला !**

**आवश्यक परेमा सम्पर्क व्यक्ति : उद्धवकुमार शर्मा**
**क्याम्पस प्रमुख**
**सम्पर्क नं. :- ९७४१०६३५५०**
**Facebook: Uddab Kumar Sharma**
**Email: uddabksharma@gmail.com**